# खाँडादेवी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### माकादुम,रामेछाप
### ३ नं. प्रदेश

## आन्तरिक कर ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् तथा निकासी सम्बन्धी बोलपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति:२०७६/४/३१**

स्थानीय सरकार संचालन ऐन, २०७५ को परिच्छेद-३ को उपदफा ११ को उपदफा ध को ६ मा भएको व्यवस्था अनुसार यस गाउँपालिकाको मिति २०७६/४/३० गतेको निर्णय तथा राजश्व परामर्श समितिको बैठकको निर्णयले आई.ई.प्रतिवेदनमा उल्लेखित परिणामको आधारमा ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् तथा निकासी गरी आन्तरिक कर उठाउनको लागि ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले स्थायी लेखा नम्बर पान लिएका इच्छुक व्यक्ति, फर्म वा संस्थाले तपशिल बमोजिमको शर्तहरुको अधिनमा रही प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र शिलवन्दी बोलपत्र पेश गर्न हुन सार्वजनिक आव्हान गरिएको छ ।

| ठेक्का नं. | ठेक्काको क्षेत्र वा प्याकेज | न्यूनतम बोल कबोल रकम (भ्याट बाहेक) | उत्खनन्/ संकलन प्रति क्यू फिट (भ्याट बाहेक) | निकासी /विक्रि प्रति क्यूफिट (भ्याट बाहेक) |
|---|---|---|---|---|
| १/०७६/७७ | मरंघाट, खैरेनी घुमाउने बगर, कोथपे बगर | ६०,००,०००/- | ३/- | ६/- |
| २/०७६/७७ | बगडी बगर, घुमाउने चौर बगर | १,२५,००,०००/- | ३/- | ६/- |
| ३/०७६/७७ | ताडी वगर, पलासे बगर, डप्खा बगर१, डप्खा बगर २, चहरी बगर, घोर्मा बगर | ६५,००,०००/- | ३/- | ६/- |
| ४/०७६/७७ | पुछीघाट बगर, रजगाउँ बगर, तिलके बगर, भटौली खोला बगर | ९५,००,०००/- | ३/- | ६/- |

१. इच्छुक बोलपत्र दाताहरुले रु.३०००/-(तीन हजार मात्र) दस्तुर फिर्ता नहुने गरी नगदै बुझाई नगदी रसिद वा खाँडादेवी गाउँपालिकाको कार्यालयमा नगदै पेश गरेको चेक भौचरको साथ आ.व. ०७६/७७ को लागि नविकरण भएको इजाजत पत्र, आयकर दर्ता प्रमाणपत्रको प्रतिलिपि र आ.व.०७५/७६ को कर चुक्ता गरिएको प्रमाण पत्रको प्रतिलिपि, कालो सूचीमा नपरेको भनी घोषणा गरिएको पत्र, नेपाल सरकारको अधिकृत वा नोटरी पब्लिकबाट प्रमाणित गरिएको कागजात संलग्न राखी बोलपत्र उपलब्ध गराउन यस कार्यालयमा यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औं दिनको कार्यालय समय निवेदन दिएर बोलपत्र पुस्तिका खरिद गर्न सकिनेछ ।

२. खरिद भएको बोलपत्रको प्रत्येक पानामा सहीछाप र शिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, ठेक्काको नाम नम्बर लेखी सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० बजेसम्म खामबन्दी गरी यस कार्यालयमा दर्ता गरी पेश गर्नुपर्नेछ । तोकिएको समयमा दर्ता हुन आएका फर्महरु सोही दिनको २:०० वजे फर्महरुको प्रतिनिधि सहित यस गाउँपालिकाको पदाधिकारी र सरकारी कार्यालयको प्रतिनिधि सहितको उपस्थितिमा कार्यालयमा खोलिनेछ । तर फर्मको प्रतिनिधि वा फर्मवाला आफै उपस्थित हुन नसकेमा बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

३. ठेक्का लिने इच्छुक व्यक्ति, फर्म वा संस्थाले कबोल गरेको अंकको ५ प्रतिशत धरौटी राख्नु पर्नेछ । धरौटी वापतको रकम यस कार्यालयको नाममा लक्ष्मी बैंक, गोगनपानी शाखामा रहेको धरौटी खाता नं.०८५११०००००८५ मा जम्मा गर्नुपर्नेछ वा आधिकारीक वाणिज्य बैंकको १२० दिन बराबरको बैंक ग्यारेन्टिलाई समेत मान्यता दिइनेछ । अन्य बैंक ग्यारेन्टि सम्बन्धमा गाउँपालिकाको निर्णय अनुसार सम्झौतामा उल्लेख भए अनुसार हुनेछ ।

४. शिलवन्दी बोलपत्र फाराममा आफूले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गरेको हुनु पर्नेछ । दर रेटको अंक अक्षर केरमेट भएमा वा फरक भएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिइनेछ ।

५. ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् र संकलन गर्ने र तोकिएको स्थानमा घाटगधी गरी नाँपजाँच गरी लैजाने व्यवस्था गाउँपालिका कार्यालयको निर्देशन बमोजिम हुनेछ ।

६. ठेक्का सदर गर्ने वा नगर्ने सम्पूर्ण अधिकार खाँडादेवी गाउँपालिकामा निहित रहनेछ ।

७. खाँडादेवी गाउँपालिकाले अनुगमन गर्दा कानून र मापदण्ड बमोजिम नपाएमा प्रचलित कानून बमोजिम कारबाही हुनेछ ।

८. ठेकेदारले कबोल गरेको रकम दुई किस्तामा बुझाउनु पर्नेछ । पहिलो किस्ता सम्झौता गर्दा ५० प्रतिशत रकमको साथै सो वापतको भ्याट रकम अग्रिम बुझाउनु पर्नेछ भने दोस्रो किस्ता वापत ५० प्रतिशत रकम र सो वापतको भ्याट रकम फाल्गुन मसान्त भित्र बुझाई सक्नु पर्नेछ । एकमुष्ट रकम बुझाएमा नियमानुसार १० प्रतिशत छुट प्राप्त हुनेछ ।

९. ठेक्का सम्बन्धमा कुनै किसिमको विवादको स्थिति सिर्जना भएमा वा कार्यालय र ठेकेदार वीच कुनै विवाद भएमा गाउँपालिकाको निर्णय अन्तिम हुनेछ र सो निर्णय मान्न ठेकेदारको कर्तव्य हुनेछ ।

१०. ठेक्का अवधिभर ठेक्केदारले ठेक्का तोड्न पाइने छैन । विचैमा ठेकेदारले ठेक्का तोडेमा वा तोकिएको समय सिमामा किस्ता वापतको रकम दाखिला नगरेमा निजबाट असुल हुन बाँकी रकममा १० प्रतिशत व्याज हर्जाना जोडी असुल उपर गरिनेछ । यसरी ठेक्का तोडिन गई बाँकी अबधिको लागि ठेक्का वा अन्य व्यवस्था गर्दा निजले कबोल गरे भन्दा कम रकम उठ्न गएमा सो रकम पनि पूर्व ठेकेदारबाटै सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

११. ठेक्का संचालनको अवधिमा कुनै किसिमको छुट, माफी, मिनाहा माग्न पाइने छैन । बन्द, हड्ताल, प्राकृतिक प्रकोप तथा अन्य काबु बाहिरको परिस्थिति आई परेमा यस पालिकाको निर्णय अनुसार हुनेछ ।

१२. सडक विभाग र सम्बन्धित निकायले तोकेको सडक सिमा र मापदण्ड भित्रको क्षेत्रमा ढुङ्गा, गिट्टी, बालुवा लगायतका कुनै पनि सामाग्री संकलन वा संञ्चय गरी राख्न पाईने छैन । साथै ढुङ्गा, गिट्टी, बालुवा आदि बोकेको सवारी साधन उक्त क्षेत्रमा पार्किङ गर्न समेत पाइने छैन ।

१३. जुन वर्षका लागि ठेक्का सम्झौता भएको हो सोही आर्थिक वर्ष भित्र तोकिएको समयसम्म मात्र ठेकेदारले संकलन गरेको वस्तुहरु सो क्षेत्रबाट उठाई सक्नु पर्नेछ ।

१४. भूक्षय तथा नदी नाला प्रवाहको दिशा परिवर्तन हुने गरी र पानीको सतह भन्दा मुनीबाट ढुङ्गा, गिट्टी, बालुवा संकलन तथा उत्खनन् गर्न पाइने छैन ।

१५. प्रतिवेदनमा उल्लेखित स्थानहरुबाट मात्र नदी जन्य सामाग्रीहरु उत्खनन् गर्नुपर्नेछ, उत्खनन् र संकलन गर्दा हाते तथा मेशिन औजार प्रयोग गर्नुपर्नेछ ।

१६. शिलवन्दी दरभाउपत्र दर्ता गर्ने र खोल्ने मितिमा सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको दिन उल्लेखित कार्य क्रमशः हुनेछ ।

१७. यसमा उल्लेख नभएका कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

१८. यस कार्यालयको छाप र कार्यालयको तर्फबाट प्रमाणित नभएको बोलपत्र फारमलाई मान्यता दिइनेछैन, साथै म्याद नाघी वा रित नपुगी प्राप्त भएको बोलपत्र उपर कुनै कारबाही हुने छैन ।

१९. यो ठेक्काका अवधि ०७७ आषाढ मसान्त सम्म रहनेछ ।

प्रमुख प्रशासकीय अधिकृत